# SAMPLE QUESTION PAPER 2012
Set – 01
Class XII – Nepali (Code – 124)

Time : 3 hrs. Max.Marks : 100

1. (क) कुन् छन्दलाई नेपालीको जातीय छन्द भनिन्छ? 1

(ख) छन्द निरूपण गर्नुहोस्। 4

म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ,
म बाँचू मै नाचूँ अरू सब मरून् दुर्बलहरू।
भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी,
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी।।

2. (क) गरू-चण्डारी भनेर वाक्यका कस्ता दोषहरू बुझिन्छन्? 4

(ख) यी टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस्। 3

(i) कूपमण्डूक (ii) छेवाराको आहान (iii) परालको आगो।

3. पत्र लेख्दा पर्ने नियम पालन गर्दै 'मातृदिवस'-को महत्त्व बुझाएर आफ्नै दिदीलाई एउटा पत्र लेख्नुहोस्। 5

4. निबन्ध रचना (कुनै एक) 10

(क) नेपाली संस्कृतिमा टीकाको महत्त्व।

(ख) समाचार उपलब्ध गराउने साधनहरूको विशेषता।

(ग) इन्टरनेटः फाइदा र बेफाइदा।

(घ) गुणस्तरीय शिक्षामा शिक्षकको भूमिका।

5. (क) 'उत्तर यही थियो, झन् कालै गहुँगो झोलिएको बादल भएर रानु फर्केकी थिई, वर्षा शुरू भयो।'

(i) उपर्युक्त गद्यांश कस्को, कुन् पाठबाट उद्धृत गरिएको हो? 2

( ii) 'झोलिएको बादल भएर फर्केकी' भन्नुको तात्पर्य स्पष्ट पार्नुहोस्। 3

(ख) 'देखिएको होइन, लेखिएको मात्र पाइन्छ'-यो कथन माछाको मोल कथामा सार्थक भएको छ? 5

(ग) 'वाघ-भालुको मासु अरूले खांदैन, जम्मै हाम्रो भाग लाग्छ।'

उक्त उद्धरणबाट नेपाली जातिको कुन् समस्या उजागर गर्न खोजिएको छ? स्पष्ट पार्नुहोस्। 5

6. (क) 'हाम्रो राष्ट्रिय चाड़ र सयपत्री' निबन्धमा पहेंलो रङ्को महिमा गान कसरी-कसरी गरिएको छ? 4

(ख) बेला र जमाना अनुसार कस्ता-कस्ता स्वप्न विचारहरू देखा परेका छन्? 3

(ग) ज्ञानका खानी देवकोटाको घरको चित्रण कस्तो गरिएको छ? 3

7. (क) सप्रसङ्ग व्याख्या गर्नुहोस्। 5

भीष्म सन्तापले पूर्ण, शकुनी ध्वनि संकुल।
कृष्ण कादम्बिनी शून्य जुवा झैं छ नभस्तल।।

(ख) (अ) बसन्त ऋतुले एउटा योग्य राजा झैं शासन चलाउँछ भन्ने कुरा कविले कसरी वर्णन गर्नुभएको छ?

अथवा 5

(आ) शिशिर ऋतुका विशेषताहरू दर्शाउनुहोस्

8 (क) ग्रीक विद्वान एरिस्टोटलले मानिसको अनुकरण गर्ने गुणक बारेमा आफ्नो विचार कसरी राखेका छन्? 5

(ख) 'सुवर्णभस्म त्यो अलिकति जो पार्नु पर्ने हो पारिहालियो, अब के सुनका गोली खुवाएर हुने हो र?'

(अ) उपर्युक्त गद्यांश कसको कुन् पाठबाट उद्धत गरिएको हो। 2

(आ) सुवर्णभस्म भनेको के हो, र कसलाई किन खुवाउनु पर्‍यो? 3

9 (क) मानिसले चाहेका खण्डमा आफ्नो इलम र पौरखद्धारा कहीं पनि गरिखान सक्तछ भन्ने कुरा 'जुनेली रेखा' उपन्यासका आधारमा पुष्टि गर्नुहोस्। 5

(ख) 'भन्ने मौका पायौ खूब भन। म पनि उस्तै, त्यो सब कुरा सुनाएर भूर गरिछु, अझै केही भन्नु छ?'

मालिनीले उक्त कुरा कुन् सन्दर्भमा, कसलाई भनेकी हो? 5

10 (क) साहित्यकार रामकृष्ण शर्मालाई कुन् लेख लेखे बापत समालोचकको पद प्राप्त भयो? किन?4

(ख) यो पदका रचनाकारको जीवनी लेख्नुहोस्। 4

यो दुःख भोग्ने परमेश्वरै हो,
यो देह उसको रहने घरै हो।
यो भत्काउँदा दुःख अवश्य मान्छ,
सुटुक्क सामान लिएर जान्छ।।

11 (क) नेपाली साहित्यमा उपन्यास विधाको थालनी कसरी भएको मानिएको छ? 5

(ख) नेपाली साहित्यमा रूपनारायण सिन्हाको 'भ्रमर' उपन्यासको स्थान निर्धारण गर्नुहोस्। 5

************